नेपाल सरकार
# परराष्ट्र मन्त्रालय
काठमाण्डौ, नेपाल

## प्रेस विज्ञप्ति

माननीय परराष्ट्र मन्त्री डा. आरजु राणा देउवाले आज भर्चुअल बैठक मार्फत इजिप्ट, पाकिस्तान र इजरायलस्थित नेपाली नियोग प्रमुखहरुसँग इजरायल र लेवनानमा रहनुभएका नेपालीहरुको वर्तमान अवस्था तथा यी मुलुकहरुमा विकसित भैरहेका पछिल्ला घटनाक्रमका बारेमा जानकारी लिई नियोग प्रमुखहरुलाई लेवनान र इजरायलमा रहनुभएका नेपालीहरुसँग निरन्तर सम्पर्कमा रहन, उहाँहरुको सुरक्षाको लागि आवश्यक सहजीकरण गर्न र लेवनानमा रहनुभएका नेपालीहरुलाई आवश्यक परेमा स्वदेश फिर्ती र उद्दारको लागि समन्वय र सहजीकरण गर्न निर्देशन दिनुभएको छ । उहाँले लेवनानमा रहेका नेपालीहरुको सुरक्षालाई उच्च प्राथमिकता दिई सम्बन्धित सरकार र अन्य निकायहरुसँग समन्वय गर्न तथा सुरक्षा चुनौति भई नेपालीहरु लेवनानमा रहन नसक्ने अवस्था भएमा नजिकको मुलुकबाट उद्दार गर्ने सम्भावनाका बारेमा समेत आवश्यक कार्य गर्न निर्देशन दिनुभएको छ ।

सो भर्चुअल बैठकमा इजिप्टका लागि नेपाली राजदूत श्री शुशिलकुमार लम्सालले लेवनानमा करीव १२०० नेपालीहरु रोजगारीको सिलसिलामा युद्द नभएको स्थान लेवनानको राजधानी बेरुत र उत्तर तर्फको क्षेत्रमा रहनुभएको, उहाँहरुसँग नेपाली राजदूतावास र वेरुतस्थित नेपालको मानार्थ महावाणिज्यदूत नियमित सम्पर्कमा रहेको, हालसम्म कुनै पनि नेपालीले स्वदेश फर्कनको लागि अनरोध गर्नु नभएको, केही नेपालीहरु आफै नियमित व्यवसायिक उडान मार्फत नेपाल आउने क्रममा रहनुभएको, नेपालीहरुमा केही त्रास रहेको भएतापनि सुरक्षित रहेको व्यहोरा जानकारी गराउनु भएको थियो । पाकिस्तानका लागि नेपाली राजदूत श्री तापस अधिकारीले इरानमा रहेका नेपालीहरुको अवस्था बारेमा जानकारी गराउनु भएको थियो । साथै इजरायलस्थित नेपाली कार्यवाहक राजदूत श्री कुमार बहादुर श्रेष्ठले पछिल्लो समयमा इरानबाट क्षेप्यास्त्र प्रहार भएपश्चात नेपालीहरुमा केही त्रास उत्पन्न भएको तर सबै नेपालीहरु सुरक्षित रहनुभएको र नेपालीहरुसँग राजदूतावास सम्पर्कमा रही आवश्यक सूचना प्रदान गर्ने र सहजीकरण गर्ने लगायतका कार्य गरिरहेको जानकारी गराउनु भएको थियो ।

नेपाल सरकार

# परराष्ट्र मन्त्रालय

काठमाण्डौ, नेपाल

सो बखतमा परराष्ट्र सचिव श्री सेवा लम्साल लगायत मन्त्रालयका सहसचिवहरु र सम्बन्धित महाशाखाका कर्मचारीहरुको उपस्थिति रहेको थियो । परराष्ट्र मन्त्रालय र नेपाली राजदूतावास कायरोले यही जुलाई ३० देखि नै नियमितरुपमा लेवनानमा रहनुभएका नेपालीहरुलाई आफ्नो अवस्थाका बारेमा जानकारी गराउन अनलाइन पोर्टलमा दर्ता गर्न अनुरोध गर्दै उहाँहरु र परिवारका सदस्यहरुसँग सहजीकरण गर्न, सम्पर्क अधिकृत तोकी इमेल ठेगाना, मोवाइल नम्बर उपलव्ध गराउँदै आवश्यक सूचना र जानकारी उपलव्ध गराउँदै आएको छ । यस मन्त्रालयले लेवनानमा रहनुभएका नेपालीहरुको सुरक्षाप्रति सचेत रहँदै सम्बन्धित निकायमा आवश्यक समन्वय र सहजीकरण गर्दै आइरहेको छ । साथै लेवनानमा रहनुभएका नेपालीहरुलाई उच्च सतर्कता अपनाउन र समस्या परेमा तत्काल सम्पर्क अधिकृतहरुसँग समन्वय गर्नु हुन समेत अनुरोध छ ।

परराष्ट्र मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

२०८१ असोज २०